# ग्रामीण क्षेत्रमा करेसावारी तथा घर बगैंचा स्थापना कार्यक्रम सञ्चालन मापदण्ड, २०७७

<u>**प्रस्तावना:**</u> करेसावारी तथा घर बगैंचा स्थापना गरी मौसमी तरकारी तथा फलफूलको उपलब्धता सुनिश्चितताका साथै अन्य पोषणयुक्त पदार्थको घरमा नै उपलब्धता गराई दैनिक उपभोग बढाउने र परिवारका सदस्यहरुको पोषण सुरक्षा कायम गर्ने उद्देश्यले ग्रामीण क्षेत्रमा करेसावारी तथा घर बगैंचा स्थापना कार्यक्रम सञ्चालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

**१. प्राविधिक पक्ष**

(क) यस कार्यक्रममा सहभागी हुन कृषक समूह वा कृषि सहकारी संस्थाले कम्तीमा १० घरधुरी संलग्न हुने गरी क्लष्टर बनाई प्रस्ताव पेश गर्न सक्नेछन्।

(ख) छनौट भएका क्लष्टरमा संलग्न प्रत्येक घरधुरीले देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ।

(अ) कम्तीमा ६० वर्गमिटरको प्लाष्टीक घर निर्माण गरी प्रतिसिजन कम्तीमा ५ किसिमका तरकारी/मसला बालीहरु लगाउने।

(आ) कम्तीमा १ वटा दुधालु गाई/भैंसी पालन गरी भकारो सुधार तथा मलमुत्र संरक्षण गर्ने।

(इ) कम्तीमा २ घार मौरी पालन गर्ने।

(ई) कम्तीमा ३ किसिमका र १० वटा फलफूल लगाउने।

(ग) पहिले देखि आधुनिक घारमा मौरी पालन गर्दै आएका, प्लाष्टीक घर निर्माण गरी तरकारी लगाईरहेका र व्यवसायिक रुपमा फलफूल खेती वा पशुपन्छी पालन गर्दै आएका घरधुरीहरु क्लष्टरमा समावेश हुन पाउने छैनन्।

**२. आर्थिक पक्ष**

(क) स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही देहायका कार्यहरु मध्ये एक वा एक भन्दा बढी कार्यका लागि कुल लागतको बढीमा नब्बे प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

(अ) प्रति घरधुरी भकारो सुधार तथा मलमुत्र संरक्षण कार्यका लागि अधिकतम दश हजार रुपैंया सम्म।

(आ) प्रति घरधुरी प्लाष्टीक घर निर्माणका लागि अधिकतम बीस हजार रुपैंया सम्म।

(इ) प्रति घरधुरी २ घारसम्म गोला सहितको मौरी खरिदका लागि प्रति घार अधिकतम दश हजार रुपैंया सम्म।

(ई) प्रति घरधुरी तरकारीको बीउ, बेर्ना तथा फलफूलको बिरुवा खरिदका लागि अधिकतम दुई हजार रुपैंया सम्म।

(उ) प्रति घरधुरी घरबगैंचामा सिँचाईका लागि आवश्यक ट्याङ्की, पाईप तथा अन्य औजार खरिदका लागि अधिकतम आठ हजार रुपैंया सम्म।

(ख) प्रति घरधुरी अधिकतम पचास हजार रुपैंयासम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

**३. मूल्याङ्कनका आधारः**

| क्र.सं | मूल्याङ्कनका आधारहरु | अंक |
|---|---|---|
| १. | **क्लष्टरको अवस्थिति** (मूल्याङ्कन समितिले भौगोलिक विकटता, खाद्य तथा पोषणको अवस्था, आर्थिक अवस्थाको आधारमा तुलनात्मक रुपमा प्राथमिकीकरण गरी ५ देखि १५ अंकसम्म प्रदान गर्ने) | **१५** |
| २. | **लाभान्वित घरधुरी** | **१०** |
| क) | क्लष्टरमा २० भन्दा बढी घरधुरी संलग्न हुने | १० |
| ख) | क्लष्टरमा १६ देखि २० घरधुरी संलग्न हुने | ७ |
| ग) | क्लष्टरमा १० देखि १५ घरधुरी संलग्न हुने | ४ |
| ३. | **अनुदानको अवस्था** | **१०** |
| क) | पछिल्लो दुई आ.व. मा कृषि सम्बन्धी कार्यको लागि अनुदान प्राप्त नगरेको | १० |
| ख) | पछिल्लो दुई आ.व. मा कृषि सम्बन्धी अन्य कार्यको लागि अनुदान प्राप्त गरेको | ५ |
| ४. | **लक्षित वर्ग** (दलित, महिला, जनजाति, मुस्लिम, पिछडिएको क्षेत्र आदि) मात्र समेटिएको क्लष्टर | **१५** |
| **जम्मा** | | **५०** |

**४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा १६ को उपदफा ३ बमोजिमका कागजपत्रहरु।

ख) समूह/सहकारीको बैठक निर्णयको प्रतिलिपि।

**५. प्रस्तावको ढाँचाः**

**क. आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदक समुह/संस्थाको नामः | ठेगानाः |
| कार्यक्रम सञ्चालन गरिने स्थानको ठेगानाः | अध्यक्षको नामः<br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः | संलग्न हुने कृषक घरधुरी संख्याः |

| सम्पर्क नं | |
|---|---|

**ख. करेसावारी/बगैंचामा उत्पादन हुने कृषि उपज सम्बन्धी विवरण**

| क्र.सं. | क्लष्टरमा संलग्न हुने कृषकको नाम | परिवारको मुख्य पेशा | घर बगैंचामा हाल लगाईएको बाली | कार्यक्रम संचालन पछि लगाईने बाली (तरकारी/फलफूलको नाम) | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**ग. सञ्चालन हुने क्रियाकलापहरु (क्लष्टरमा एकमुष्ठ)**

| क्र.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत | कार्यालयको अनुदान | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| | जम्मा | | | | | | |

**घ. माग गरेको जम्मा अनुदान रकमः**

**ङ. अन्य विषय केही भए उल्लेख गर्नुहोस् ।**